# प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री
**Inspector General of Police Shailesh Thapa Kshetri**
Chief of Nepal Police

प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौँ, नेपाल ।
**Police Headquarters,**
Naxal, Kathmandu, Nepal

२०७७ कार्तिक ०६ गते।

## शुभकामना

यस वर्षका महान् चाड विजया दशमी, शुभ-दीपावली, नेपाल सम्वत् ११४१ तथा छठ पर्व २०७७ का अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सकल प्रहरी कर्मचारीहरूको व्यक्तिगत आरोग्य, पारिवारिक सुख र व्यावसायिक सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै, आदरणीय अग्रज र सेवा निवृत्त सकल दर्जाका प्रहरी कर्मचारीमा समेत सुख, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

यी महान् चाडहरू सत्यको मानक, त्याग र संयमको प्रतीकका रूपमा रहेका छन् । यसैले हाम्रो समाज सौम्य र मौलिक रहेको छ । आपसी एकता, सौहार्द्रता कायम राखी आसुरी प्रवृत्तिलाई तिलाञ्जलि दिनु पर्छ भन्ने समेत यी चाडहरूको सन्देश रहेको छ । तसर्थ, चाडबाडको यी सन्देशलाई आत्मसाथ गरी समस्त प्रहरी कर्मचारीहरू सदाचारी, इमानदार र व्यावसायिक हुनु अत्यावश्यक रहेको छ ।

यस वर्षको चाड मनाउन सरल छैन । हामी कोभिड-१९ को महामारीका जोखिमबिच यी पर्वहरू मनाउनु परेको छ । यो बेला हामीले एकातर्फ आम नागरिकले भय रहित एवम् उल्लासमय तवरबाट चाड पर्व मनाउने वातावरण सुनिश्चित गर्नु पर्नेछ अर्को तर्फ संक्रमणको जोखिमबाट समाज सुरक्षित राख्नु छ । वस्तुतः यी सबै जिम्मेवारी वहनका लागि प्रहरी सक्षम छ । कर्तव्यको कसीमा हामी जिम्मेवार रहनु पर्नेछ ।

आफ्नो परिवार तथा स्वजनहरूसँग चाडपर्व मनाउँदा पाइने वास्तविक खुसी तुलनायोग्य हुँदैन । परन्तु यो अवसरलाई आम नागरिक र सेवाप्रतिको हाम्रो कर्तव्य र समर्पणकारूपमा हामीले ग्रहण गरी सकेका छौं । समाजले हाम्रो उपस्थिति र भूमिकालाई अपरिहार्य ठानेको छ । यसैले यो अवसरमा हाम्रा व्यक्तिगत इच्छा र आवश्यकता भन्दापनि आम नागरिकको सेवा र सुरक्षामा अझ कटिबद्ध रही खटिन म समस्त प्रहरी कर्मचारीहरूलाई निर्देश गर्दछु ।

अन्त्यमा, स्वदेश तथा विदेशमा रहनुभएका पूर्व प्रहरी कर्मचारी, नेपालीजन तथा शुभेच्छुकहरूमा सुख शान्ति, सु-स्वास्थ्य, दीर्घायु, समुन्नतिको कामनासहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

प्रहरी महानिरीक्षक

(शैलेश थापा क्षेत्री)

पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: shailesh@nepalpolice.gov.np/phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ।